आठराई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(जिन्सी शाखा)

सक्रान्तिबजार, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

बिषय: <u>सिलबन्दी सवारी साधनको प्राबिधिक प्रस्ताबको सुचना ।</u>

(प्रथम पटक सुचना प्रकाशित मिति: २०७८/११/१०)

यस कार्यालयको चालु आ.ब. २०७८/०७९ को लागि सवारी साधन Motor-Bike आपूर्ति गर्ने सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन) को दफा ८ (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संसोधनको नियम ३१ (ख) बमोजिम सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिंङ) बिधिबाट गरिने खरिद को कार्यविधि बाट खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख)१ अनुसार ७ (सातौं) दिनको १२:०० बजे भित्र निम्न शर्तहरुको अधिनमा रहि प्राविधिक प्रस्ताव दर्ता गर्न यो सुचना प्रकाशित गरिएको छ। यो सुचनाको विस्तृत विवरण कार्यालयको www.athraimun.gov.np मा राखिएको छ ।

<u>तपशिल:</u>

१. ईच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता प्रमाण पत्र, भ्याट/पैंन दर्ता प्रमाण पत्र, कम्पनीको आधिकारिक पत्र, आ.ब. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरू समाबेश गरि प्राविधिक प्रस्ताव यस कार्यालयमा दर्ता गर्न सकिने छ।

२. यो सुचना उज्यालो राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले सातौ दिनको १२ बजे सम्म भित्र सवारी साधन बिक्री गर्न चाहने उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारिक बिक्रेताले उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मुल्य र सुबिधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सोको भोलिपल्ट हुनेछ ।

३. सिलबन्दी प्राविधिक प्रस्ताब पेश गर्दा प्रस्तावदाताको ग्राहयता सम्बन्धि आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको नोटरी प्रमाणित प्रतिलिपिसमेत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

४. सिलबन्दी प्राविधिक प्रस्ताब राखिएको खाम बाहिर "कार्यालयको नाम र ठेक्का ARM/MB/CS/G-04-078/079" भन्ने शब्द लेखि सिलबन्दी गरिएको हुनुपर्ने छ ।

५. यसरी दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरु सातौं दिन को १४:०० बजे कार्यालयको प्रतिनिधिहरु र प्रस्तावदाताहरुको रहोबरमा खोलिने छ । प्रस्तावदाताहरु अनुपस्थित रहेमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

६. सिलबन्दी प्रस्ताव पेश गर्नेले धरौटी रकम बापतको रकम जम्मा गर्नु पर्ने छैन ।

७. सिलबन्दी प्रस्ताव स्वीकृत भएपछि तिन दिनको समय अबधि दिईलिखित रुपमा सिलबन्दी आर्थिक (तोकिएको मुल्य र सुबिधा मध्ये मुल्यमा छुट र सुबिधा मा थप हुन् सक्ने विवरण) प्रस्ताव माग गरिने छ ।

८. सारभूत रुपमा प्रभावग्राही न्युनतम मुल्यांकित स्वीकृत प्रस्ताव दाता संग खरिद सम्झौता गर्दा कबोल गरेको अंकको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० बमोजिम हुने गरि धरौटी रकम बराबरको रकम नगद जम्मा गरेको सक्कलै बैंक भौचरवा यस कार्यालय को नाममा मान्यता प्राप्त बैंकले जारि गरेका कार्य सम्पादन जमानत वापत पेश गरि स्वीकृत भएको तिन दिन भित्र सम्झौताको लागि कार्यालयमा उपस्थित हुनुपर्ने छ ।

९. सिलबन्दी प्रस्तावमा उल्लेखित परिमाणको Motor Bike गाउँकार्यपालिकाको कार्यालय साक्रान्तिबजार, तेह्रथुम सम्म वा सम्झौता अनुसार ल्याउनुपर्ने छ ।

१०. अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिईनेछ ।

आठराई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(जिन्सी शाखा)

सक्रान्तिबजार, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

११. कुनै शर्त राखी पेश गरिएको सिलबन्दी प्रस्ताव स्वीकार वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१२. सुचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराएको स्पेसिफिकेसनमा कुनै थप घटगरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको प्रस्ताव उपर कुनै कारबाही गरिने छैन ।

१३. थप कुरा बुझ्नु परेमा फोन नं. ९८५२०७०३२२ मा सम्पर्क राख्न सक्नु हुनेछ ।

१४. उल्लेखित सुचनामा आवश्यक कुराहरु संसोधन गर्नु पर्ने भएमा कार्यालयको सुचनापाटी टाँस गरिनेछ ।

आपूर्ति गर्नु पर्ने समान :

| ठेक्का न. | कामको विवरण | स्पेशिफीकेसन | संख्या | कैफियत |
|---|---|---|---|---|
| ARM/MB/CS/G-04-078/079 | Motor Bike | 4 Stroke , 150 CC<br>Torque 12.8 Nm<br>Max.Power 12.9 bhp | ४ (चार) | संक्षिप्त विवरण माउल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुन्छ । |

१०।११।१०

---------------------
डम्बर बहादुर आङ्देम्बे
प्रमुख प्रशासकीय अधिकृत